# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी, घुस/रिसवत एवं सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८१।०१।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी दिपक राज देवकोटको मु.नं (०७९-CR-००६८) फैसला मिति २०८०।०५।१८ | घुस/रिसवत लिई नक्कली बिल भरपाई बनाई भ्रष्टाचार गरेको। | •**आयोगको मागदावी**<br>खाँडाचक्र नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कालिकोटबाट पाण्डे पोल्ट्री बंगुर फार्मको नाममा गोश्वरा भौचर नं. १६८ बाट जारी भएको A/C Payee चेकमार्फत भुक्तानी गरिएको रकम रु.३,९०,९७५।- जम्मा गर्न लगाई सो रकम मध्ये सुरेशप्रसाद पाण्डेबाट रकम रु. २,४०,९७५।- तत्कालै चेकमार्फत फिर्ता लिई आफ्नो खातामा जम्मा गरेको देखिएको रकम रु.१,८०,१८०।- मध्ये रकम रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैंया) मात्र चेक मार्फत भुक्तानी दिई सोही दिन चेकबाट घुस/रिसवत वापत रकम रु. ३०,१८०।- लिएको पुष्टि हुन आएको।<br>दिपकराज देवकोटाले खाँडाचक्र नगरपालिकाद्वारा वडा नं. ३ र ४ मा लघु उद्यम विकास अन्तर्गत कुखुरा पालन सीप विकास तालिम कार्यक्रममा कुखुराको साकोनी जातको चल्ला मात्र सम्झौता कर्ताबाट खरिद गरी पुरा समयावधि तालिम सञ्चालन नगरी जम्मा १ दिन मात्र तालिम सञ्चालन गरी १५ दिन सञ्चालन गरेको देखाई रू. ३,९०,९७५।- को A/C Payee चेक खाँडाचक्र नगरपालिकाको कार्यालयबाट जारी गरी/गराई आफै बुझिलिई वाणिज्य बैंक शाखा कार्यालय, कालिकोटमा जम्मा गरी रु. १,८०,१८०।- निज सुरेशप्रसाद पाण्डेलाई कुखुराको रकम रू. १,५०,०००- मात्र सुरेशप्रसाद पाण्डेको खातामा राख्न लगाई रकम रु. ३०,१८०।- घुस/रिसवत वापत लिएको र उक्त घुस/रिसवत सहितको जम्मा रकम रु.२,४०,९७५। - जम्मा गरेकोमा घुस/रिसवत लिएको रकम रु. ३०,१८०।- घटाउँदा बाँकी रहेको रकम रू. २,१०,७९५।- मध्ये एक दिनको तालिम सञ्चालन गरेको रकम रु. १२,९००।- (बाह्र हजार नौसय रुपैंया) समेत घटाउँदा बाँकी रहेको रकम रु. रु. १,९७,८९५ । - (एक लाख सन्तानब्बे हजार आठ सय पन्चानब्बे रुपैंया) एक कार्यक्रम अन्तर्गत भएको कार्यक्रमलाई अर्को कार्यक्रम देखाई, १५ दिनको कार्यक्रम १ दिन मात्र सञ्चालन गरी कार्यक्रम पूर्ण रुपमा सञ्चालन भएको भनी झुट्टा विल भरपाई तथा कागजात तयारी गरी कार्यालयमा पेस गरी उक्त रकम अनियमितता गरी हिनामिना | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको।<br>**विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः**<br>•प्रतिवादी दिपकराज देवकवटाले नक्कली विल भरपाई बनाई भुक्तानी लिएको भनी आरोप दावी लिएता पनि, खाँडाचक्र नगरपालीका वीचमा कुखुरा पालन व्यवसाय सीप विकास तालिम सञ्चालन गर्ने सम्बन्धी संम्झौता यिनैं मुद्दाको उजुरकर्ता सँग भएको र निजको वँगुर फार्मको नाममा रकम जम्मा भएकोले झुक्याएर संझौता भन्ने उजुरी कर्ताको कागज व्यहोरा प्रत्यार लायक नभएको।<br>•नगरपालिकाले पाण्डे पोल्ट्री वंगुर फार्मको खातामा रु. ३,९०,९७५/- जम्मा भईसकेपछि उजुरकर्ताले प्रतिवादी दीपकराज नाममा रु. २,४०,९७५/- चेक काटी जम्मा भएको देखिंदा फर्मको खातामा रकम जम्मा भई सकेपछि प्रतिवादीलाई चेक काटी रकम दिन वाध्यता नभई स्वेच्छिक लेनदेन हो भन्ने देखिएको।<br>•प्रमुख प्रशासकिय अधिकृत खड्ग प्रसाद उपाध्यायको मौकको कागजमा पाण्डे पोल्ट्री बंगुर फर्म सँग रु. ४,००,०००/- को सम्झौता भएको बकपत्र समेतको आधारमा तालीम कार्यका सम्पर्क व्यक्ति (Focal Person) देवकोटा रहेको तालिम संचालन गर्ने जिम्मेवारी सम्झौता वमोजिम उजुरकर्ता सुरेश प्रसाद पाण्डेमा रहेको देखिएको। | •प्रतिवादीले झुक्याएर सही गराएको विषय प्रत्यार लायक नभएको भनी प्रतिवादी दिपकराज देवकोटालाई सफाई दिएको फैसला समग्र कागजको अध्ययन र मुल्याङ्कन नगरी भएको छ। मिसिल कागजमा के कस्तो शब्द र विषय परेका छन् तिनको भाव के निस्कन्छ सो हेरी मुल्याङ्कन हुनु पर्दछ। प्रस्तुत मुद्दाको उठान प्रतिवादीले तालिममा कुखुरामा चल्ला आपूर्ती गरे वापतको भुक्तानी माग्दा भुक्तानी रोकी रकम माग गरेको र उजुरकर्ताले रु. ४२९ का दरले ४२० वटा कुखुराका चल्ला आपूर्ती गरेकोमा त्यसको मुल्य रु. १,८०,१८०/- दावी गरेको प्रतिवादीले तालीम वापत झुठ्ठा विल तयार गरेको र उक्त विलको प्रतिवादी आफैले लेखि भरेको भन्ने तथ्य नक्कली विलमा भएको अक्षर यिनै प्रतिवादी दिपकराज देवकोटाको भएको भन्ने तथ्य परीक्षण प्रतिवेदन र उक्त प्रतिवेदन तयार गर्ने विशेषज्ञको बकपत्र समेतले पुष्टि गरेको छ। प्रतिवादी र उजुरकर्ताको सम्वादमा प्रयुक्त शब्द हेर्दा पनी प्रतिवादिले नै वील तयार गरेको देखिन्छ। उजुरकर्ता निवेदकले म सोजो मान्छेका सोझो कुरा हुन्छ वरि परी म कुरा जान्दैन भनी संवाद भएबाट निजले पाउनु पर्ने भन्दा बढी रकम चेक तयार गरेको त्यो किन पारेको हो भन्ने कुरा उजुरकर्तालाई थाहा नभएको तथ्य सम्वादको व्यहोराले प्रष्ट पारेको छ। यस आधारबाट हेर्दा पनि प्रतिवादीले झुक्याएर विभिन्न कागजमा सही गराएको स्पष्ट रहेको।<br>•प्रतिवादी र उजुर कर्ताको विचमा चेक भुक्तानीको विषय वाध्यात्मक नभई स्वेच्छिक भनी सफाई दिएको आधार समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्थाको मर्म समेतको प्रतिकुल रहेको छ। भ्रष्टाचार निवारण ऐनको दफा ५ मा आफु वहाल रहेको पद सँग सम्बन्धित व्यक्तिसँग सापटी लिन समेत नपाउने कानूनी व्यवस्था रहिरहेको सन्दर्भमा प्रतिवादी उद्योग शाखामा कार्यरत नगरकार्यपालिकाका जिम्मेवार कर्मचारी रहेको तथ्य कार्यालय प्रमुख खड्क प्रसाद उपाध्यायले गरेको बकपत्रको व्यहोराले समेत पुष्टि गरेको छ। आफु सम्पर्क व्यक्ति भएको तालीमसँग सम्बन्धित विषयका यी उजुरकर्ता जो खाँडाचक्र नगरपालिका लागि कुखुराका चल्ला आपूर्ति कर्ता भएकोमा समेत विवाद छैन। यस्तो व्यक्तिसँग भएको चेक काटी रकम लेनदेन व्यवहार भएकोलाई स्वच्छ र स्वेच्छपूर्वकको कारोवार भनी गरेको फैसला भ्रष्टाचार निवारण ऐनको मर्म आर्थिक अनुशासन कायम गर्ने भन्ने प्रस्तावनाको भावनाको पनि प्रतिकुल रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको हुँदा निज नायब सुब्बा दिपकराज देवकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसूर गरेकोले निज दिपकराज देवकोटालाई रू. १,९७,८९५।- (अक्षरुपी एक लाख सन्तानब्बे हजार आठ सय पन्चानब्बे रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम कैद र विगो वमोजिम जरिवाना गरी विगो असुल उपर हुन एवं रु. २,४०,९७५ । - फिर्ता लिई रकम रू. १,५०,०००- मात्र निज सुरेशप्रसाद पाण्डेलाई निजको खातामा राख्न लगाई (रू. १,८०,१८० बाट रू. १,५०,०० घटाउँदा) रु. ३०,१८०।- (तीस हजार एक सय असी रुपैंया) चेक मार्फत घुस/रिसवत वापत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ.दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कसूर गरेकोले उक्त रकम रु. ३०,१८०।- (तीस हजार एक सय असी रुपैंया) विगो कायम गरी निज दिपकराज देवकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) अनुसार कैद र विगोबमोजिम जरिवाना एवं रिसवत लिएको रकमसमेत जफत हुन मागदावी लिइएको।<br>•**अदालतको फैसला**<br>प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) को कसूर गरेको भन्ने आरोपदावी रहेको पाइन्छ। दफा ८ (१) मा कुनै राष्ट्रसेवकले आफूको अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्‍याउने बदनियतले दफा ८(१) (ङ) बमोजिम झुट्टा विल भरपाई बनाइ भुक्तानी लिएमा भ्रष्टाचारको कसूर हुने देखिन्छ। उजुरकर्ताले नै विल भरपाई मैले पेस गरेको र विल बमोजिमको रकम मैले भुक्तानी लिएको भनी स्वीकार गरेको तथा नगरपालिकाको गोश्वारा भौचरबाट सो तथ्य पुष्टि भएको छ। प्रतिवादीले विल भरपाई पनि पेस नगरेको र भुक्तानी पनि नलिएको अवस्थामा निज उपर लगाईएको सो दफा ८(१)(ङ) को आरोपदावी स्थापित हुन सक्ने देखिन आएन। प्रतिवादी उपरको आरोपदावी स्थापित नै हुन नसकेको अवस्थामा प्रतिवादीलाई कसूरदार ठहर्‍याइ सजाय हुने अवस्था रहेन।<br>प्रतिवादीले उजुरकर्तासँग घुस रकम लिने खाने मनसाय रहे भएको र लिएको समेत नदेखिँदा प्रतिवादीउपरको भ्रष्टाचार | (घ) प्रतिवादीले उजुरकर्तासँग घुस रिसवत माग गरेको फोन सम्वाद नभएको रकम लिए खाएको तथ्य मिसिल कागजातबाट नदेखिएको।<br>•नगरपालिकाका वीचमा तालीम सञ्चालन गर्ने सम्झौता यिनै उजुरकर्ता सँग भएको, यिनै उजुरी कर्ताले सम्बन्धित विल भरपाई कागजात पेश गरी पाण्डे पोल्ट्री बंगुर फार्मको लेटर प्याडमा निकासा पाउँ भनी मिति २०७८/०३/१४ मा प्रमुख प्रशासकिय अधिकृत खाँडाचक्र नगरपालिका उद्योग शाखामा निवेदन दिएको देखिएको। अदालतको बकपत्रमा भुक्तानीका लागि विल र निवेदन मैले नै दिएको हो भनी उल्लेख गरेको। | •प्रतिवादी दिपकराज देवकोटा कार्यक्रम संचालन कर्ता नभई तालीमको सहजकर्ता मात्रै भएको भनी भएको फैसला त्रुटीपूर्ण रहेको छ। प्रतिवादी दीपकराज देवकोटा सम्पर्क व्यक्ति मात्रै हुन कि त्यो भन्दा बढी भूमिका भन्दा बढी भूमिका निभाई आफैले नक्कली विल बनाउने लगायतका कार्य गरेको भन्ने तथ्यहरुको कडी मालाकार चेनको रुपमा रहेका प्रमाणले पुष्टि गरेको छ। प्रतिवादीले रकम भरेको चौलागाई स्टेशनरी पसलबाट खाली विल लगेको त्यो विल कसले लगेको एकिन थाहा छैन भने पनि त्यस खालीमा विलमा भरिएको विवरण दिपकराज देवकोटाले भरेको भनी खुली आएको र चल्ला ढुवानी गर्नको लागि आफैले गाडी भाडाको लागि रु. २५,०००/- को गाडी सम्झौता गरेको देखिन्छ। जुन सम्झौता आफ्नो होइन भनी सवारी धनी भनी हस्ताक्षर गर्ने व्यक्ति नरेन्द्र प्रसाद पाण्डेको कागज गर्दा उक्त सम्झौता भएकै होइन भनी नगद मिति २०७८/३/१७ बुझेको छैन भनी उल्लेख गरेको, होटल पर्यटकको विल नं. ०४३ भएको हल भाडा उल्लेख भएको विलको विवरण समेत दिपकराज देवकोटाको हस्तलिखित नमुना सँग मिल्छ भनी उल्लेख भएको परीक्षण प्रतिवेदन जस्तो वस्तुनिष्ठ प्रमाणलाई प्रमाणको रुपमा ग्रहण नगरी नक्कली विल भरपाई तयार गरी पाण्डे पोल्ट्री वंगुर फर्ममा जम्मा गर्न लगाई पाण्डे पोल्ट्री वंगुर फर्मबाट आफ्नो नामबाट चेक काटन लगाएको अवस्था विद्यमान हुँदा हुँदै सफाई दिएको त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादीले उजुरकर्तासँग घुस रकम नमागेको र घुस रकम लिएको पुष्टि नभएको भन्ने निर्णयाधार समेत त्रुटीपूर्ण रहेको छ। प्रतिवादीको लामो फोन सम्वादमा १५० को काटि दिनु है। मलाई दिने पैसा..... भनी पैसाको लागि सम्वाद गरेको देखिदा देखिँदै र प्रतिवादीले पैसा मागेको र पैसा प्रतिवादीको चेकबाट काटी भुक्तानी भई सकेको सन्दर्भमा पैसा जम्मा नगरेको भनी भएको फैसला त्रुटीपूर्ण रहेको छ।<br>•उजुरकर्ता आफैले निवेदन र विल समेत पेश गरेको र निवेदककै खातामा रकम जम्मा भएकोले निवेदक/ उजुरकर्ताले नै रकम प्राप्त गरेको भनी प्रतिवादीलाई सफाई दिएको फैसला त्रुटीपूर्ण छ। प्रतिवादीलाई झुक्याई चेक दिइ उक्त रकम प्रतिवादीले घुस रकम मागेको प्रतिवादी र उजुरकर्ताको सम्वादको समग्र व्यहोरा हेर्दा उजुरकर्ता र प्रतिवादीलाई रकम अन्य व्यक्तिले समेत पाउने प्रकृतिको सम्वाद रहेकोले प्रतिवादीले उजुरकर्ताको फर्मको प्रयोग गरी उक्त रकम आफैले लिन गरी भएको मिसिल संलग्न कागजातबाट पुष्टि हुँदा हुँदै सफाई दिई भएको फैसला त्रुटीपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ३(१) को आरोपदावी पुष्टि हुन नसक्ने। | | |
| २ | प्रतिवादीहरु राम दिनेश मण्डल र बिनोद पासमानको मु.नं (०७८-CR-०१२८) फैसला मिति २०८०।०५।२९ | घुस /रिसवत लिई भ्रष्टाचार गरेको। | •**आयोगको मागदावी**<br>श्री मा.बि. एकडारा, महोत्तरीका प्रधानाध्यापक रामदिनेश मण्डल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनोद पासमानले उक्त विद्यालयको खेलकुद मैदानको स्तरोन्नतिका लागि मधेश प्रदेश, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयबाट रु.५०,००,०००।- (पचास लाख) बजेट बिनियोजन भएको र निवेदक गजिन्द्र तिवारीको अध्यक्षतामा उपभोक्ता समिति गठन भई निर्माण कार्य सुचारु गर्न लाग्दा प्रतिवादी रामदिनेश मण्डल र बिनोद पासमान समेतले विभिन्न बरबहाना बनाई निर्माण कार्य सुरु गर्न नदिई कुल बजेट रु.५०,००,०००।- (पचास लाख) को ७ प्रतिशतले हुन आउने रकम कमिसन बापत बार्गेनिङ गरी तत्काल रु.५०,०००।- (पचास हजार) रकम घुस / रिसवत माग गरी लिने रामदिनेश मण्डल र बिनोद पासमानले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिमको कसुर गरेको देखिएकोले निजहरुलाई घुस/रिसवत बापत लिएको विगो रु.५०,०००।- (पचास हजार) कायम गरी निज प्रधानाध्यापक रामदिनेश मण्डल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनोद पासमानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम कैद तथा बिगो बमोजिम जरिवानाको सजाय गरीपाउँ भन्ने आरोपदावी।<br>•**विशेष अदालतको फैसला**<br>प्रस्तुत मुद्दाका उजुरकर्ता प्रतिवादीहरुको सेवाग्राही रहे भएको देखिन आएन। न त निज पप्पुकुमार मिश्रले विद्यालयको खेलकुद मैदान स्तरोन्नतिको कार्य गर्न सक्ने कानूनतः अख्तियारी पाएको देखिन्छ। खेलकुद मैदान स्तरोन्नतिको कार्यसँग असम्बन्धित बेसरोकारवाला व्यक्तिले काम रोकी घुस रकम मागे भनी दिएको उजुरी तथा दिएको घुस रकम बरामद भएको भन्ने आधारमा प्रतिवादीहरु उपर प्रस्तुत मुद्दा चलेको देखिन्छ। उजुरकर्ता पप्पुकुमार मिश्रले न त खेलकुद मैदान स्तरोन्नतिको काम गर्न पाउने देखिन्छ न त निज उजुरकर्ता प्रतिवादीहरुको लाभग्राही भएको नै देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कानूनी व्यवस्था र कानूनी मनसाय हेर्दा उजुरकर्ता र प्रतिवादीहरुबीच काम तथा सेवा लिने दिने सम्बन्ध भएको अर्थात् | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको ।<br>**विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः**<br>•प्रतिवादीहरु र उपभोक्ता समितिका अध्यक्षका बीचमा घुस रकम लेनदेनको सम्बन्धमा कुनै कुरा नभएको, अदालतमा आइ उपभोक्ता समितिसँग घुस रकम मागेका हुन भनी कसैले र भन्न नसकेको।<br>•उपभोक्ता समितिका अध्यक्ष गजेन्द्र तिवारीको बकपत्र तथा प्रतिवेदकहरुको प्रतिवेदनबाट प्रतिवादी विनोद पासमानलाई उजुरकर्ता पप्पु कुमार मिश्रले दिएको भन्ने देखिएको, निज उपभोक्ता समितिका सदस्य नभएकाले उपभोक्ता समिति पप्पु कुमारलाई खेलमैदान बनाएकोले बेसरोकार व्यक्तिले उजुरी दिएको।<br>•आयोगबाट रकम उपलब्ध गराई रकम बरामद भएको आधारमा प्रतिवादी उपर मुद्दा दायर भएको उक्त कुरा उजुरकर्ताको बकपत्रबाट देखिएको। | •घुस रकम लेनदेन भएको उपभोक्ता समितिका सदस्यले रकम माग गरेको सम्बन्धमा थाहा छैन भनी सफाई दिएको फैसला त्रुटीपूर्ण छ। प्रतिवादीले उपभोक्ता समितिका अध्यक्ष प्रस्तुत मुद्दाका उजुरकर्ता मध्येका गजेन्द्र तिवारी र उपभोक्ता समितिको निर्देशनमा काम गर्ने पप्पु कुमार मिश्रले संयुक्त उजुरी दिएको अवस्था छ। प्रतिवादी मध्ये रामदिनेश मण्डल श्री मा.वि.एकडारा विद्यालयका प्रधानाध्यापक र प्रतिवादी विनोद पासवान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेकोमा समेत विवाद छैन। यी प्रतिवादीहरुले विद्यालयको चौरमा खेल मैदान निर्माणमा अवरोध गरी पैसा दिने भए मात्रै चौर निर्माण गर्न दिने भनी निर्माणमा आएको रकममा मोलमोलाई गरेको भन्ने उजुरी देखिन्छ। प्रतिवादीले उपभोक्ता समितिका सबै सदस्यसँग नमागी मुख्य भई काम गर्ने व्यक्तिसँग माग गर्नु स्वभाविकै भएको।<br>•उपभोक्ता समितिका अध्यक्ष गजेन्द्र तिवारीले बकपत्र गर्दा प्रतिवादी विनोद पासमानलाई पप्पुकुमार मिश्रले घुस रकम दिएकोले निज उपभोक्ता समितिका सदस्य भन्दा बाहिरका सरोकारवालाले घुस रिसवत दिएको भनी भएको फैसला त्रुटीपूर्ण छ। उजुरीको उपभोक्ता समितिका अध्यक्ष र अध्यक्ष गजेन्द्र तिवारीको निर्देशनमा उपभोक्ता समितिलाई सहयोग पुऱ्याउन मद्दत गर्ने पप्पुकुमार मिश्रले दिएको, घुस रिसवत रकम माग गरेको कुराको जानकारी भएर नै उपभोक्ता समितिका अध्यक्ष र उपभोक्ता समितिलाई सहयोग गर्ने पप्पुकुमार मिश्रले संयुक्त निवेदन दिई उक्त निवेदनको व्यहोरा आफुले भने वमोजिम लेखिएको छ भनी उल्लेख भएकाले उक्त उजुरीमा उल्लेखित रकम पप्पुकुमार मिश्रले उपलब्ध सम्म गराएको हो। रकम उपभोक्ता समितिलाई काम गर्न अवरोध गरी वाध्यतामा पारी रकम माग गरिएकाले उपभोक्ता समितिका अध्यक्ष समेत सल्लाहमा इच्छा विपरीतको कार्य गर्नु परेकाले उपभोक्ता समितिका अध्यक्षले पप्पुकुमार मिश्र मार्फत रकम उपलब्ध गराएको सम्मको अवस्थालाई संयुक्त निवेदन परेको हस्ताक्षर र व्यहोरालाई संकुचित अर्थ गरी वेसरोकार वालाले उजुरी दिएको भनी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादीलाई आयोगले रकम उपलब्ध गराएको भनी सफाई दिएको आधार केवल पप्पुकुमार मिश्रले बकपत्रको सवाल जवाफ २३ को प्रतिवादीले जिरह गर्दा गरेको सवाल जवाफबाट देखिन्छ तर उक्त सवाल जवाफको व्यहोरा उल्लेख भएको तथ्य, बकपत्रको व्यहोरा र निवेदनको व्यहोरा किन फरक परेको भनी वादीका कानून व्यवसायीले पुनः सोधपुछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उजुरकर्ताको प्रतिवादीहरुसँग सार्थक सरोकार रहे भएको देखिनु पर्ने हुन्छ। प्रस्तुत मुद्दामा रकम प्रतिवादी विनोद पासमानसँग बरामद भएको तथा पप्पुकुमार मिश्र र प्रतिवादी विनोद पासमानबीच रकमका सम्बन्धमा कुराकानी भएको देखिन आए तापनि उजुरकर्ता पप्पुकुमार मिश्र प्रतिवादीहरुको सेवाग्राही भएको नदेखिएको अवस्थामा सेवाग्राही नै नदेखिएमा व्यक्तिले दिएको उजुरी तथा घुस रकम बरामद भएको भन्ने आधारमा प्रतिवादी उपर दफा ३(१) को कसुर स्थापित हुन सक्ने देखिन आएन। प्रतिवादीहरुको कार्यसँग सरोकार नै नराख्ने उनाउ व्यक्तिहरुले दिएको उजुरी तथा आयोगबाट रकम उपलब्ध गराई बरामद भएको अवस्था हुँदा सर्वोच्च अदालतबाट ०७४-WO-००२० नं. को रिट निवेदनमा भएको व्याख्या समेतका आधारमा पनि बरामद रकम दशीको रुपमा प्रमाण ग्राध्य मान्न नसकिने। विद्यालयको खेलकुद मैदान स्तरोन्नतिको कार्यसँग सरोकार नभएका, उपभोक्ता समितिमा पनि नभएका व्यक्तिले प्रतिवादीहरुलाई फसाउने उद्देश्यले आयोगमा उजुरी गरी आयोगले रकम उपलब्ध गराई आयोगले उपलब्ध गराएको रकम नै उजुरकर्ता पप्पुकमार मिश्रले प्रतिवादी विनोद पासमानलाई दिई प्रतिवादी विनोद पासमानबाट रकम बरामद भएको स्थिति छ। सो तथ्यलाई उजुरकर्ता पप्पुकुमार मिश्रले बकपत्र गर्दा स.ज. २३ मा उल्लेख गरेको पाइन्छ। उजुरकर्ता पप्पुकुमार मिश्रले नियोजित रुपमा प्रतिवादीलाई फसाउने उद्देश्यले विद्यालयको खेलकुद मैदान स्तरोन्नतिको कामसँग सार्थक सरोकार नदेखिँदा नदेखिँदै आयोगमा उजुरी गरी रकम ल्याई प्रतिवादी विनोद पासमानलाई दिई पक्राउ गराई मुद्दा चलेको देखिएबाट उजुरकर्ता र आयोगको मिलेमतोमा प्रतिवादीहरुलाई Entrapment मा पारेको देखिन आउँछ। असम्बन्धित बेसरोकारवाला व्यक्तिले आयोगबाट रकम ल्याई प्रतिवादीलाई दिई Entrapment मा पारी प्रतिवादी विनोद पासमानबाट रकम बरामद भएको भन्ने आधारमा लगाईएको आरोपदावी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कानूनी व्यवस्था प्रतिकूल देखिएको। | | गर्दा, बकपत्र कर्ता एवं उजुरकर्ता मध्येका एक पप्पुकुमार मिश्रले उजुरीको व्यहोरा ठीक हो भनी बकपत्रको सवाल जवाफ नं. २८ मा स्पष्ट रुपमा खुलाई दिएको छ। यसरी बकपत्र सवाल जवाफ नं. २३ को जवाफ झुठ्ठो भन्ने कुरा साक्षी परीक्षणका क्रममा स्पष्ट भईसकेको छ। सर्वोच्च अदालतको फैसला पश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावलीको नियम ३० खारेज भई सकेपछि आयोगले सर्वोच्च अदालतको फैसलालाई सम्मान गर्दै कसैलाई पनि घुस वापतको रकम उपलब्ध गराएको छैन। प्रस्तुत मुद्दाको आरोप पत्रमा नै प्रतिवादीबाट बरामद रकम उजुरकर्तालाई उपलब्ध गराईदिनु भनी उल्लेख भएबाट अदालतले फैसला गर्दा रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको व्यहोरा आफै खण्डित भएको।<br>•अर्को तर्फ उक्त फैसला अदालतले आफैले स्वीकार गरेको व्यक्तिको रकम हो भनी पप्पुकुमार मिश्रलाई उपलब्ध गराईदिन भनी मिति २०७९/९/२२ मा आदेश गरी पप्पुकुमार मिश्रलाई उपलब्ध गराएको छ। अदालतले निवेदकलाई निवेदकको रकम भनी उपलब्ध गराई सकेपछि सो रकम अख्तियारले उपलब्ध गराएको भनी गरेको फैसला त्रुटीपूर्ण रहेको छ। प्रतिवादी मध्येका राम दिनेश मण्डलले अदालत समक्षको वयानमा उजुरकर्ता कसै सँग रिसइवी समेत छैन भनी उल्लेख गरेका छन्। घुस रकम बरामद भएका प्रतिवादी विनोद पासमानले उपभोक्ता समितिका अध्यक्ष गजेन्द्र तिवारीसँग रिसइवी छैन भनी वयान गरेका र उजुरी कर्ता मध्येका पप्पुकुमार मिश्रसँग प्रतिवादी विनोद पासमानको लेनदेन व्यवहार रहेको यसरी लेनदेन व्यवहार हुँदा प्रतिवादी विनोद पासमानलाई रकम सापटी दिएको भनी बरामदी मुचुल्का उल्लेख भएको रकम प्रतिवादी मध्येका विनोद पासमानको साथबाट बरामद भएको, रकम सापटी रकम फिर्ता भएको रु. ५०,०००/- हो, लेनदेन हुँदा रकम फिर्ता नगरेको सम्बन्धमा विवाद भएको भनी उल्लेख गरेका छन्। यही विवादको कारण मलाइ फसाउनको लागि उजुर दिएको भनेका छन्। यदि प्रतिवादीले वयानमा व्यक्त कुरामा अदालत सहमत भई उक्त रकम प्रतिवादी विनोद पासमानको हो भनी फिर्ता दिन पनि सकेको छैन। वादीले गरेको दावी वमोजिम पनि नगर्ने प्रतिवादीले आफ्नो रकम भनेको तथ्यलाई स्वीकार नगरेपछि प्रतिवादीबाट बरामद रकमलाई हेर्ने विषयमा अस्पष्ट भई गरेको फैसला त्रुटीपूर्ण रहेको। |
| ३ | प्रतिवादीहरु राधेश्याम झा, उदय सिंह रावल, शम्भु | घुस /रिसवत लिई सरकारी कागजात सच्याई | **•आयोगको मागदावी**<br>मालपोत कार्यालय, गुलरीया वर्दियामा कार्यरत खरिदार राधेश्याम झा, तहरिर ना.सु. उदय सिंह रावल, ना.सु. शम्भु प्रसाद अधिकारी, जग्गाधनी चन्द्र बहादुर सुनारकै जग्गा दृष्टिवन्धक | फैसलाः<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले कसुरबाट सफाई दिदा | •आयोगको सम्पर्क कार्यालयले आयोग टंगाललाई पत्राचार गर्दा राधेश्याम झाको मात्रै नाम उल्लेख भएकोले अन्य प्रतिवादीहरु उपरको दावी नपुग्ने आधार त्रुटीपूर्ण रहेको छ। कार्यालयले गर्ने पत्राचार भनेको अनुसन्धान गर्नुपर्ने आवश्यकता देखेर लेखिने संक्षिप्त विवरण हुने भएकाले त्यसमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रसाद अधिकारी, चन्द्र बहादुर सुनार, टेक बहादुर सुनार र भक्त बहादुर थापाको मु.नं (०७८-CR-००३७) फैसला मिति **२०८०।०५।०८** | भ्रष्टाचार गरेको। | पारित गरी लिने भक्त बहादुरले मिलेमतोमा सुकुम्वासी समस्या समाधान आयोगबाट प्राप्त २५ वर्ष समयसीमा भएको जग्गा बिक्री गर्न लागि मालपोत कार्यालय, बर्दियामा रहेको जग्गाधनी दर्ता श्रेस्तामा २५ वर्षलाई काटी १५ वर्ष वनाएको सो काम गर्न मालपोतका कर्मचारीले रु. ३५,०००/- घुस रिसवत लेनदेन गरी मिति २०७६/११/०३ गते सम्म वेचविखन तथा हक हस्तान्तरण हुन पाउने जग्गा हस्तान्तरण गरेकोले उक्त कार्यमा संलग्न प्रतिवादी चन्द्र बहादुर सुनार र टेक बहादुर सुनारले घुस रिसवत दिई २५ वर्षे शब्दलाई सच्चाई १५ वर्ष कायम गर्न घुस रिसवत दिएकाले भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम कसुर गरेको पुष्टि भएकाले विगो रु. ३५,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेकाले दफा ३ को उपदफा (१) र ऐ. दफा ३ को उपदफा (१) को खण्ड (ख) वमोजिम सजाय हुन र प्रतिवादी राधे श्याम झा, शम्भुप्रसाद अधिकारी र उदय सिंह रावलले चन्द्र बहादुर सुनारको २५ वर्षे समय सिमा रहेका जग्गालाई प्रतिवादीसँग मिलेमतो गरी २५ वर्ष काटी १५ वर्ष बनाई गैरकानूनी तरिकाले सच्चाउने, थपघट गर्ने कार्य गरी प्रतिवादीहरु राधेश्याम झा, शम्भु प्रसाद अधिकारी, उदय सिंह रावलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेको पुष्टि भएकाले विगो रु. ३५,०००/- विगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ३ को उपदफा (३) र दफा ३ को उपदफा (१) खण्ड वमोजिम सजाय हुन र चन्द्रबहादुर सुनार, टेक बहादुर सुनार र भक्तबहादुर थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ वमोजिमसमेत सजायको मागदावी लिइएको।<br>•**विशेष अदालतको फैसला**<br>प्रतिवादी चन्द्रबहादुर सुनारले मिति २०६८/०३/२९ मा टेकबहादुर सुनारलाई राजीनामा गरी दिएको कित्ता नं. ४०३ नं. को मोठ श्रेस्ता आफुले भिडाएको भन्ने तथ्यलाई प्रतिवादी राधेश्यामले स्वीकार गरेको, प्रतिवादी उपर चलेको सरकारी कागज कीर्ते मुद्दामा मोठ श्रेस्ता सच्याइएको कसुरमा तत्काल प्रचलित कीर्ते कागजको १ नं. ९ नं. र १२ नं. वमोजिम सजाय हुने ठहऱ्याई शुरु बर्दिया जिल्ला अदालतबाट भएको फैसला उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट सदर भएको समेतका आधार प्रमाणहरुबाट प्रतिवादी राधेश्याम झाले सह | लिएका आधारहरुः<br>•अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय कोहलपुर बाँकेको केन्द्रीय कार्यालयलाई लेखेको पत्रमा मालपोत कार्यालय, बर्दियाका खरिदार राधेश्याम झा उपर अनुसन्धान गर्नुपर्ने भन्ने उल्लेख भएका आधिकारिक निकायको पत्राचारमा प्रतिवादीहरुको नाम समावेश नभएको र अनुसन्धान अधिकारीको निष्कर्षमा समेत यी प्रतिवादीको यो यो प्रकारले संलग्नता भनी खुली नआएको।<br>•जिल्ला अदालतमा चलेको सरकारी कागज कीर्ते मुद्दाको आधारमा अनुसन्धान थालिएको र अनुसन्धानको गहिराइ सम्म पुगी यथेष्ठ प्रमाण संकलन गरी पुष्टि गर्न नसकेकाले प्रतिवादीहरु उदय सिंह रावल, शम्भुप्रसाद अधिकारी, टेक बहादुर सुनार र भक्तबहादुर थापा उपरको आरोप दावी पुष्टि हुने देखिएन।<br>•प्रतिवादी राधेश्याम र चन्द्रबहादुर सुनुवारलाई विगो रु. ३५,०००/- कायम गरी विगो वमोजिम जरिवाना गरी ३ महिना कैद हुने निजहरु उपर सरकारी कागज कीर्ते मुद्दामा सजाय भै सकेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ वमोजिमको सजाय गर्नुपर्ने देखिएन। | सबै संकित व्यक्तिको नाम उल्लेख नहुनु स्वभाविकै हो। विस्तृत अनुसन्धान गर्दा विभिन्न व्यक्तिको संलग्नता के कस्तो रहेको छ। त्यसमा संलग्न रहेको व्यक्तिको कसुर गर्ने कार्यमा मनसाय देखिने कार्य भएको छ, छैन संवन्धित व्यक्तिको कागज लगायत अन्य निकायसँग पत्राचार गर्ने विषय, अनुसन्धानले निर्धारण गर्ने विषय भएकोले यी सबै विषय एउटा कार्यालयले अर्को कार्यालयलाई लेखेको पत्रमा सबै विषय खोल्नु पर्छ र खुल्न सम्भव छ भन्ने विषय आफैमा त्रुटीपूर्ण छ। पत्राचार गर्दा सबै विषय खोल्नु पर्ने भन्ने भ्रष्टाचार अनुसन्धान सँग सम्बन्धित कानून, नियम र कार्यविधि समेतले बाध्य नपारेको अवस्थामा पत्रमा नै सबै विषय खुल्नु पर्ने अर्थ गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादीहरु मध्येका उदय सिंह रावल, शम्भुप्रसाद अधिकारी र टेक बहादुर सुनार र भक्तबहादुरको हकमा अनुसन्धानको गहिराई सम्म नपुगेको भन्ने आधार समेत त्रुटीपूर्ण छ। प्रतिवादीहरु शम्भुप्रसाद अधिकारी, उदय सिंह रावल, टेकबहादुर सुनार र भक्त बहादुर थापा फरार रहेका प्रस्तुत मुद्दामा आयोगले अनुसन्धानको क्रममा प्रतिवादी सम्म पुगी निजहरुको वयान भएको र प्रतिवादी शम्भुप्रसाद अधिकारीले वयान गर्दा आफ्नो काम राजश्व भिडाउने सम्म हो भनी आरोपित कसुरबाट बच्न वयान गरेको देखिन्छ। प्रतिवादीकै वयान अनुसार पनि निज लामो समय सम्म मालपोत कार्यालयमा रहेको र निजको फाँटमा जग्गाधनी पूर्जा लगायतका कागजात सक्कल प्रति प्राप्त हुने त्यसमा भएको २५ वर्षेको प्रावधानलाई काटेको सम्बन्धमा कही कतै सोधखोज सम्म गरेको थिए भनी वयानमा उल्लेख गर्न सकेको देखिदैन। त्यस्तै प्रतिवादी उदय सिंह रावलले आफूले उक्त जग्गा पास गरेको स्वीकार गरेको छन्। निजले मोठ फाँटका कर्मचारीले ठीक भएको भनी सहिछाप गरे मात्रै आफूले हस्ताक्षर गर्ने गरेको भनी फाँटका कर्मचारीलाई जिम्मेवार बनाइ आफू निर्दोष रहेको भनी वयान गरेका छन्। मालपोत कार्यालयका कर्मचारी लामो समय त्यही कार्यालयमा कार्यरत रहेकोलाई कुन जग्गा कस्तो भन्ने जानकारी हुदैन भन्ने नै हुदैन। अर्को तर्फ जग्गा पास गर्दा मालपोतमा रहेका श्रेस्ता हेरेर नै गर्नु पर्नेमा मालपोतमा भएका कागजातमा नै सच्याएको विषयमा कुनै प्रश्न नै नगरी पास गरेको अवस्था छ। प्रतिवादीले पास भएको लिखतमा भएको हस्ताक्षर आफ्नो भनी स्वीकार गरेको अवस्था छ। यसरी प्रतिवादीलाई वयान लिई २५ वर्षे प्रावधानलाई काटी १५ वर्ष बनाएको विषयमा प्रश्न गरी गरिएको अनुसन्धानलाई गहिराईमा नपुगेको भनी आत्मगत फैसला त्रुटीपूर्ण भएकाले वदर भागी रहेको।<br>•प्रतिवादी मध्येका राधेश्याम झा र चन्द्रबहादुर सुनारलाई रिसवत खाए |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी चन्द्रबहादुर सुनारलाई मोठ श्रेस्ताको शर्त सच्याउन रु. ३५,०००/- घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को उपदफा ३(१) वमोजिमको कसुर गरेको र अर्को प्रतिवादी चन्द्रबहादुर सुनारले सोही ऐनको दफा ३ को उपदफा (३) वमोजिम कसुर गरेको ठहर्छ। सो ठहऱ्यनाले प्रतिवादीहरु राधेश्याम झा र चन्द्रबहादुर सुनारलाई विगो रु. ३५,०००/- जरिवाना र कसुरको मात्रा अनुसार ३ महिना कैद सजाय हुने प्रतिवादीलाई किर्ते मुद्दामा सजाय भई सजाय हुनु पर्ने देखिन अन्य प्रतिवादीहरु उदय सिंह रावल, शम्भुप्रसाद अधिकारी र टेक बहादुर सुनार र भक्त बहादुर थापाले आरोपित कसुरबाट सफाई पाउने। | | खुवाएको मुद्दामा सजाय गरेता पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ वमोजिम सरकारी कागजात सच्याउनेलाई सजाय गर्ने गरी बर्दिया जिल्ला अदालतबाट सरकारी कागज किर्ते मुद्दामा सजाय भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ वमोजिम सजाय हुनु पर्ने देखिएन भनी भएको फैसला त्रुटीपूर्ण छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) वमोजिम मुद्दा चलाउन सक्ने कानूनी व्यवस्था रहदाँ रहदै प्रतिवादीको हकमा सरकारी कागज सच्याएको कसुर स्थापित हुने वा नहुने तर्फ कोही नवोली एकै पटक सजाय नहुने गरी भएको फैसला त्रुटीपूर्ण छ। कसुर कायम भएपछि मात्रै सजाय कति हुन निश्चित सजाय हुने अवस्था नभएमा कसुर बढने वा घटने आधार के छन्। त्यसको विश्लेषण गरी फैसला गर्नुपर्नेमा सजाय नहुने भनी गरेको फैसला त्रुटीपूर्ण रहेको। |